समता नीति-पत्र ५
२०७१

# दलित अधिकारका लागि नयाँ रणनीति

॥ समता फाउण्डेशन ॥
SAMATA foundation

© समता नीति-पत्र ५
२०७१

***लेखन***
विश्वभक्त दुलाल 'आहुति'

***सम्पादन***
राजेन्द्र महर्जन

***सहयोगी***
अर्जुन विश्वकर्मा
अन्जु परियार
टेकेन्द्र विश्वकर्मा
मन्जु बगाले

॥ समता फाउण्डेशन ॥
SAMATA foundation
सानेपा, ललितपुर, नेपाल
फोन : ०१-५५२०८५१
E-mail: info@samatafoundation.org
www.samatafoundation.org

---

यो नीति-पत्र तयार पार्नमा थुप्रै सङ्घसंस्था र व्यक्तिको अमूल्य सहयोग रहेको छ । 'दलित अधिकारका लागि नयाँ रणनीति'बारे विभिन्न अधिकारकर्मी, अनुसन्धानकर्ता र प्राज्ञहरूले सुझाव दिएका छन् । यस नीति पत्रको अनुसन्धान, लेखन र प्रकाशनका लागि इन्टरनेशनल आइडिया (International IDEA) ले आर्थिक सहयोग गरेको छ । यस नीति-पत्रमा व्यक्त विचार, विश्लेषण र निष्कर्षमा आर्थिक सहयोग दिने संस्थाको सहमति अनिवार्य छैन ।

# प्रकाशकीय

नेपाली जनताले व्यग्रतापूर्वक प्रतीक्षा गरेको जनताको संविधान पहिलो संविधानसभाको विघटनपछि अन्योलग्रस्त रह्यो । विघटित संविधानसभाले दलित र महिलाका पक्षमा जे–जति प्रगतिशील अधिकार सुनिश्चित गर्ने सहमति गरेको थियो, ती अधिकार ऐतिहासिक थिए । तिनको रक्षा नै मुख्य चुनौतीका रूपमा रही आएका छन् । दोस्रो संविधानसभाको स्थापना भएपछि दलित प्रतिनिधित्वमा पनि ह्रास भएको छ र राजनीतिक पार्टीहरूको सोचमा समेत प्रतिगमनतर्फका रूझान देखिएको छ । यसले गर्दा सचेत दलित समुदायमा दलित–मैत्री संविधान नबन्ने हो कि भन्ने त्रास व्याप्त भएको छ ।

दोस्रो संविधानसभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सभासद् र दलित अधिकारप्रति समर्पित गैरदलित सभासद्हरूमा संविधान निर्माण प्रक्रियामा दलित जनताले चाहेका आफ्ना हकअधिकार सुसूचित गराउने उद्देश्यले समता फाउण्डेशन र समावेशी फाउण्डेशनले चरणबद्ध रूपमा सञ्चालन गरेका छलफलमध्ये 'नयाँ संविधानमा दलित हकअधिकारको सुनिश्चितताको सवाल' विषयक छलफलबाट प्राप्त निष्कर्षलाई पुस्तकका रूपमा प्रकाशन गरिएको छ ।

छलफलमा पूर्वसभासद् विश्वभक्त दुलाल 'आहुति'ले प्रस्तुत गरेको कार्यपत्रमा वर्तमान सभासद्द्वय मीन विश्वकर्मा (नेपाली काङ्ग्रेस) र जितु गौतम (नेकपा एमाले) ले आफ्नो अमूल्य विचार दिनुभएको थियो । साथै, थुप्रै अधिकारकर्मीबाट पनि महत्त्वपूर्ण विचार व्यक्त भएको थियो । उहाँहरू सबैलाई समता फाउण्डेशन तथा समावेशी फाउण्डेशनको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**पदम सुन्दास**
अध्यक्ष, समता फाउण्डेशन

# विषय सूची


| | | |
|---|---|---|
| १. | नेपाली दलित आन्दोलनः सङ्क्षिप्त परिचय | ५ |
| २. | राजनीतिक परिवर्तन र दलित | ७ |
| ३. | पहिलो संविधानसभा र दलित मुद्दाः एक समीक्षा | ९ |
| ४. | दोस्रो संविधानसभा र दलित | १५ |
| ५. | अवधारणासम्बन्धी केही भ्रम | २० |
| ६. | नयाँ सविधानमा दलित मुद्दा स्थापित गर्न दलित पहल | २४ |
| ७. | अबको रणनीति | २६ |

१.

# नेपाली दलित आन्दोलनः सङ्क्षिप्त परिचय

नेपालमा करिब सात दशकदेखि चल्दै आएको दलित आन्दोलन नेपालको सबैभन्दा जेठो समुदायगत आन्दोलन हो । २००३ सालमा दलितभित्रको एक जात सङ्गठित भएर शुरू भएको यो आन्दोलन २००४ सालमा पुग्दा पहाडका सबै दलितभित्र पर्ने जातहरू एउटै सङ्गठनमा बस्न सक्ने गरी विकास भयो । र, २०२४ सालमा पुग्दा पहाडका खस–आर्य, दलित, मधेशी, दलित र नेवारभित्रका दलित एउटै राष्ट्रिय स्तरको सङ्गठनमा गोलबन्द हुने स्तरमा विकास हुन पुग्यो । २००३ सालमा आफूलाई तागाधारी दाबी गर्दै शुरू भएको आन्दोलन २००४ सालबाट छुवाछूत र भेदभावविरूद्ध अघि बढ्दै २०२४ सालमा पुग्दा यसले आरक्षणको माग उठायो । मूल रुपमा चालीसको दशकको शुरूआतसँगै नेपाली दलित आन्दोलनले आफूलाई पञ्चायत व्यवस्थाविरोधी राजनीतिक आन्दोलनको रुपमा समेत उभ्यायो ।

आज नेपाली दलित आन्दोलन राजनीतिक रुपमा विभिन्न राजनीतिक पार्टीका भातृ सङ्गठनका रुपमा साझा मुद्दा र संयुक्त मोर्चामार्फत अघि बढेको बान्कीमा छ भने विभिन्न गैरसरकारी संस्थाहरूमार्फत दलित मुद्दाको पैरवी गर्ने स्थितिमा दलित नागरिक समाज छ । आज दलित आन्दोलन राजनीतिक, आर्थिक र सामाजिक समग्र क्षेत्रमा राज्यले दलितलाई क्षतिपूर्तिको सिद्धान्त स्वीकार गरेर अधिकार उपलब्ध गराउनु पर्ने बृहत् राजनीतिक मागमा केन्द्रित छ ।

यो सात दशक लामो दलित आन्दोलनले एक देशव्यापी रुपमा दलितहरूलाई सङ्गठित गरेको छ । र, दलित विषयलाई नेपाली राजनीतिको एउटा केन्द्रीय विषय बनाउन पनि सफल भएको छ । त्यसैको परिणामस्वरुप कुनै पनि सरकारले दलितबारे केही न केही बोल्नु पर्ने वा गर्नु पर्ने नैतिक दबाबको स्थिति सिर्जना भएको छ ।

२.

# राजनीतिक परिवर्तन र दलित

नेपालमा २००७ सालको परिवर्तनदेखि आजसम्म सबै लोकतान्त्रिक परिवर्तनका आन्दोलनमा नेपाली दलित सबैले प्रस्ट देख्ने, प्रमाणित हुने गरी योगदान गरेका छन् । राममाया च्यामेले राणाशासनविरोधी आन्दोलनमा खेलेको भूमिका सत्ताबाट पनि प्रमाणित भइसकेको विषय हो । २०४६ सालको आन्दोलन होस् या २०६२/६३ सालको आन्दोलन, सबै आन्दोलनमा सहिदको अङ्कगणितीय हिसाब गर्दा पनि दलित समुदायबाट सहिदको सङ्ख्या समानुपातिक हुन पुगेको छ । दश वर्षसम्म चलेको माओवादी जनयुद्धमा दलितहरूको उपस्थिति भव्य थियो । जनयुद्धमा सहिदको हिसाब गर्दा पनि समानुपातिकै देखिन्छ । त्यसैले स्पष्ट छ, नेपाली राजनीतिक आन्दोलनमा नेपाली दलितको सहभागिता र योगदानको कोणबाट अपुग भन्न सकिने कुनै तथ्य र आधार छैन ।

तर, राजनीतिक परिवर्तनहरूको लाभ भने दलितले ठोस रुपमा आफ्नो जीवनमा भोग्न पाउने गरी प्राप्त गरेका छैनन् । २००७ सालको परिवर्तनपछि स्कुलमा पढ्न पाउने अधिकारबाहेक ठोस रुपमा दलितले दलितका सन्दर्भमा पाउनु पर्ने हक केही पाउन सकेनन् । २०४६ सालको परिवर्तनपश्चात् दलितले ठोस रुपमा प्राप्त गरेको भनेको मुलुकी ऐनको अदलको १० नं. मा १ कको थपुवा हो । यसको अर्थ हो, सार्वजनिक स्थलमा छुवाछूत गर्न नपाइने अधिकार र अरू केही सामान्य राहतको प्राप्ति ।

यसरी हेर्दा राजनीतिक परिवर्तनहरूले सहादत लिएर दलित समुदायलाई ठगेको र त्यसलाई दलितले पनि सहँदै आएको नै देखिन्छ । अहिले फेरि जनयुद्ध र जनआन्दोलनपश्चात् संविधान निर्माणको चरणमा देश लागिपरेको छ । यस पटक पनि ठगीको इतिहास दोहोरिन्छ या त्यस्तो इतिहास सच्याइन्छ, गम्भीर प्रश्न नेपाली सत्ताका सामुन्ने उपस्थित छ । त्यसै गरी फेरि आफूमाथिको ठगीलाई दलितहरूले स्वीकार गर्छन् या अस्वीकार गर्छन्, यो प्रश्न दलित समुदायतिर फर्केर उभिएको छ ।

पहिलो संविधानसभाको विघटनपछि उत्पन्न निकै ठूलो राजनीतिक अन्योलको बीचबाट पुनः दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएपछि दोस्रो संविधानसभाको गठन हुन पुगेको छ । पहिलो संविधानसभाको विघटनपछि उत्पीडित वर्ग, जाति र समुदायले नेपाली समाजमा चलाएका जनयुद्ध, जनआन्दोलनलगायत सबै सङ्घर्षबाट प्राप्त उपलब्धि धरापमा पर्न गएका थिए । त्यसै गरी, पहिलो संविधानसभाले चार वर्ष लगाएर दलितलगायतका उत्पीडित समुदाय, वर्ग, जातिका पक्षमा हासिल गरेका उपलब्धि पनि स्वतः विस्मृतिको गर्भमा हराउने खतरा टड्कारो बनेको थियो । दोस्रो संविधानसभाको गठनसँगै अहिलेसम्मका उपलब्धिलाई पुनः संस्थागत गर्न पहिलो संविधानसभाले गरेका कामको अपनत्व दोस्रो संविधानसभाले लिने सहमति भइसकेको छ । यसका लागि संविधानसभाको निर्णय र सहमति निर्क्योल समिति गठन गरी संविधानसभाले धीमा गतिमा भए पनि काम अगाडि बढाएको छ । यस्तो कामकारबाहीले दलितलगायतका उत्पीडित समुदाय, वर्ग, जाति र क्षेत्रका आधारभूत माग नयाँ संविधानमा सम्बोधन हुन सक्ने सम्भावनालाई जीवित राखेको छ ।

यस प्रकारको ठोस परिस्थितिमा आजको नेपाली दलित मुक्ति आनदोलनसामु दुईटा केन्द्रीय कार्यभार रहेका छन्, १) पहिलो संविधानसभाले दलित समुदायबारे संविधानसभाको पूर्ण बैठकको सर्वसम्मतिले मस्यौदाका रुपमा तयार पारेका विषयको अक्षरशः रक्षा गर्नु । २) त्यसमा नपुग र छुटेका विषयलाई नयाँ संविधानमा थप गरी समग्रतामा दलित–मैत्री संविधान निर्माणमा केन्द्रित हुनु । यी दुवै कार्यभारका लागि आवश्यक सबै रणनीति तयार पार्नु आजको नेपाली दलित मुक्ति आनदोलनको केन्द्रीय कार्यभार हो । आजको ठोस रणनीति तयार पारी अगाडि बढ्न पहिलो संविधानसभा र दलित मुद्दाको समीक्षाबाट शुरूआत गर्नु बढी सान्दर्भिक हुनेछ ।

३.

# पहिलो संविधानसभा र दलित मुद्दाः एक समीक्षा

## ३. क) सकारात्मक र नकारात्मक अनुभवः

### *अ) प्रतिनिधित्वः*

पहिलो संविधानसभा दलित प्रतिनिधित्वका कोणबाट ऐतिहासिक बन्न पुगेको थियो । नेपालको इतिहासमै व्यवस्थापिका-संसद्‌को समेत भूमिका खेल्ने संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट सात जना दलित निर्वाचित भएर सभासद् हुनु इतिहासकै एक क्रमभङ्ग थियो । त्यसै गरी, समानुपातिक निर्वाचन प्रणालीबाट मनोनीत सभासद् समेत जोड्दा संविधानसभामा ५० जना अर्थात् ८.३१% दलित प्रतिनिधि उपस्थिति एकप्रकारले इतिहासमा भएको कायापलटै थियो । प्रत्यक्ष निर्वाचन प्रणालीमा कम्तीमा उम्मेदवारी मात्र भए पनि समानुपातिक ढङ्गले उठाउनु पर्ने हदसम्मको नीति समेत नहुँदा प्रत्यक्षतर्फबाट सात जना मात्रै विजयी भए । सात जना दलित विजयी हुनु भनेको जनसङ्ख्याको आधारमा दलित प्रतिनिधि समानुपातिक ढङ्गले पुग्न नसके पनि त्यति सङ्ख्याको उपस्थिति आफैमा ऐतिहासिक उपलब्धि थियो ।

यहाँ ध्यान दिनै पर्ने तथ्य के छ भने पहिलो संविधानसभामा उत्पीडित जाति, समुदाय र क्षेत्रमध्ये महिला, जनजाति, मधेशी र मुस्लिमको प्रतिनिधित्व तोकिएको लक्ष्यअनुसारै हुन पुगेको थियो । महिलाको ३३% प्रतिनिधित्वसँगै अरू समुदायको

पनि जनसङ्ख्याको अनुपातमै प्रतिनिधित्व हुन गएको थियो । वास्तवमा एक मात्र उत्पीडित समुदाय दलितको मात्र जनसङ्ख्याको समानुपातिक प्रतिनिधित्व हुन सकेको थिएन । पहिलो संविधानसभामा प्रत्यक्ष निर्वाचनमा पराजयका कारण र समानुपातिकतर्फबाट पठाउँदा पार्टीहरूभित्रका विभिन्न समस्याका कारण केही महत्त्वपूर्ण भूमिका खेल्न सक्ने दलित नेताहरू पुग्न सकेका थिएनन् । त्यस स्थितिमा संविधानसभामा रहेका र बाहिर रहेका दलित नेताहरूको बीचमा अनिवार्य समन्वयको अनौपचारिक संयन्त्र बनाउनु पर्ने स्थिति पैदा भएको थियो ।

### *आ) दलित पहल:*

पहिलो संविधानसभाको निर्वाचनपश्चात् संविधान निर्माणको प्रक्रियामा अघि बढ्दा तीन वटा मोर्चाबाट संयुक्त सङ्घर्ष र पहल अघि बढाउने नीति लिइएको थियो । एक, संविधानसभाभित्रबाट । दुई, सडकबाट र तीन राजनीतिक पार्टीहरूभित्रबाट । संविधानसभाभित्र दलित ककस बनाएर, सडकमा राजनीतिक दलित सङ्गठनहरूबीच संयुक्त मोर्चा बनाएर र नागरिक पहललाई पनि त्यसैमा समायोजन गरेर अनि राजनीतिक पार्टीहरूलाई दलित मुद्दामा सही ठाउँमा ल्याइपुऱ्याउन पार्टीहरूभित्र सम्बन्धित पार्टीका दलित नेता–कार्यकर्ताले र संयुक्त रुपमा समेत लबिङ गरेर ।

यो नीति सही नै थियो, तर समयमै त्यो नीति समग्रमा लागू हुन सकेन । सविधानसभा गठन भएर विषयगत समितिमा छलफल शुरू भइसक्दा एक वर्षसम्म पनि दलित ककस बन्न सकेन । बाहिर पनि संयुक्त पहल हुन सकेन । कारण जे भए पनि त्यो ठूलो कमजोरी थियो । वास्तवमा सबै उत्पीडित समुदायले ककसको गठन गरिसकेपछि एक वर्षपछि पचासै जना सबै पार्टीका दलित सभासद् रहन सक्ने गरी साझा कार्यक्रम र आचारसंहितासहित दलित सभासद् मञ्च गठन भयो । त्यसको सेरोफेरोमा दलित राजनीतिक सङ्गठनबीच साझा कार्यक्रमसहित संयुक्त दलित सङ्घर्ष समिति गठन भयो र नागरिक समाजलाई समेत समन्वय गर्ने क्रम शुरू भयो । त्यसपश्चात राजनीतिक पार्टीहरूभित्रको 'लबिङ' पनि अलिक द्रुत बन्न थाल्यो । संयुक्त पहलमा भएको ढिलाइका कारण दुई वटा परिणाम निस्के । एक, कुन समितिमा को दलित सभासद् बस्दा बढी उपलब्धि हुन्छ भनी योजना बनाउन सकिएन । कतिपय समितिमा धेरै जना हुने, कतिपय विषयमा धेरै ज्ञान भएका अर्को समितिमा पर्ने तथा एउटा समितिमा त नियमावलीविपरीत एक जना

दलित नपर्दा पनि थाहै नहुने स्थितिसम्म बन्न पुग्यो । दुई, विषयगत र संवैधानिक समितिमा हुने छलफललाई एउटै लयमा उन्न सकिएन र घनीभूत विषयको प्रस्तुति हुन सकेन ।

संविधानसभाभित्र र बाहिर संयुक्त पहल शुरू भएपछि छुवाछूत–भेदभावविरोधी कानुन पारित गराउने सम्बन्धमा, कालीकोटको मनवीर हत्याकाण्ड र दैलेखको सेते हत्याकाण्डलगायत थुप्रै विषयमा भित्र–बाहिर हस्तक्षेप बढेकै हो । त्यसै गरी, संविधानको मस्यौदा प्रतिवेदनमा दलित विषयलाई समावेश गर्ने विषयमा पनि गम्भीर पहल भएकै हो । ती प्रयत्न निकै सकारात्मक र ऐतिहासिक पहल थिए । संयुक्त पहलका सम्बन्धमा आज ध्यान दिनै पर्ने विषय के हो भने निर्वाचन प्रणाली र शासकीय स्वरुपका सम्बन्धमा साझा अवधारणा बनाउन सम्भव भएन, जुन दलित अधिकारका सम्बन्धमा मुख्य सरोकारभित्र पर्ने विषय हुन् । यी विषयमा साझा अवधारणा बनाउन नसक्नु त्यति बेलाको संयुक्त मोर्चाको नीतिगत मुख्य कमजोरी हो भनी शिक्षा लिनै पर्दछ ।

त्यसै गरी, दलित सभासद् मञ्च संयुक्त मोर्चाको एउटा रुप भएकाले त्यसको स्थायी नेतृत्व निर्माण गर्न सम्भव थिएन । तर अरू सबै ककस 'आवधिक पालैपालो' नेतृत्व प्रणालीमा गएको स्थितिमा पनि दलित सभासद् मञ्चभित्र भने 'आवधिक पालैपालो' नेतृत्व प्रणाली पनि कार्यान्वयनमा ल्याउन सकिएन । 'पालैपालो' प्रणालीमा मौखिक सहमति हुने, तर व्यवहारमा सबैभन्दा पहिले को अगुवा हुने भन्नेमा सहमति बन्नै सकेन ।

आज समीक्षा गर्दा स्पष्ट हुनै पर्छ, त्यति बेला ठूलो पार्टी एनेकपा (माओवादी) हुनुको नाताले सबै ककसमा पहिलो पालो माओवादीको आउँथ्यो र अरू ककसमा त्यसै गरियो । तर दलित सभासद् मञ्चमा पहिलो पालो माओवादीलाई दिन अरू पार्टीका सभासद् तयार देखिएनन् । अन्ततः बैठकैपिच्छे कसैले सभापतित्व गर्ने र कसैले अर्को बैठक डाक्ने जिम्मा लिएर उठ्ने स्तरमा कार्यविधि गिर्न पुग्यो । त्यो वास्तवमा दलित आन्दोलनमा एकले अर्कोलाई नस्वीकार्ने गरी जरा गाडेको सामन्ती सङ्कीर्णताको परिणाम थियो । यसबाट गम्भीर शिक्षा नलिने र सङ्कीर्णताबाट माथि नउठ्ने हो भने वर्तमानमा पनि काम अघि बढाउन जटिलता हुने कुरामा गम्भीर हुनु जरूरी छ ।

### *इ) राजनीतिक पार्टी र गैरदलित सभासद्को भूमिकाः*

पहिलो संविधानसभामा राजनीतिक पार्टीहरू आ–आफनो पार्टीको नीतिअनुरुप नै दलित विषयमा मूल रुपमा प्रस्तुत भए । तर संयुक्त मञ्चमा उभिँदा भने आफ्नो पार्टीको नीतिमै नभएको कुरा गरी ताली खान नाटक गर्ने पार्टीका नेताहरू पनि राम्रैसँग प्रकट भए । रूझानको स्तरमा कुरा गर्दा सबै पार्टीका गैरदलित सभासद्मा दलितको अधिकारबारे केही न केही गर्नु पर्छ भन्ने प्रवृत्ति नै देखिन्थ्यो । बाहिर भाषणमा जे गरे पनि दलितका विषयमा मस्यौदा बनाउँदा भने गैरदलित सभासद् एक–एक अक्षरमा बढी अधिकार दिइने त होइन भनेर सचेत र कठोर बनेको देखियो । यो मूल प्रवृत्ति भए पनि केही गैरदलित सभासद् सम्पूर्ण रुपमा दलित मुद्दालाई सम्बोधन गर्न तयार भएको प्रस्टै अनुभूति हुन्थ्यो ।

मस्यौदा निर्माणमा कर्मचारीतन्त्रको निकै ठूलो भूमिका हुन्छ, तर अधिकांश कर्मचारीमा दलित सम्बन्धमा अनुदार र यथास्थितिवादी भई मस्यौदाका शब्द–शब्दमा षड्यन्त्रको स्तरमा उत्रिने प्रवृत्ति देखापर्‍यो । विषयगत समितिहरूमा दलित विषयमा छलफल हुँदा विशेषतः दुई वटा विषयमा केन्द्रित भयो । एक, छुवाछूत-भेदभाव सार्वजनिक स्थलमा मात्रै गर्न नपाइने पुरानै व्यवस्था गर्ने कि निजी स्थानमा पनि नपाउने गरी नयाँ व्यवस्था गर्ने ? दुई, क्षतिपूर्तिको सिद्धान्तलाई स्वीकार गरेर दलित हकको व्यवस्था गर्ने कि नगर्ने ? यी दुवै विषयमा लामो बहसपछि कुनै पनि स्थानमा छुवाछूत, भेदभाव दण्डनीय हुने र क्षतिपूर्तिको सिद्धान्त स्वीकार गर्ने मस्यौदा बन्न सफल भयो । तसर्थ सङ्गठित, व्यवस्थित र संयुक्त पहलबिना गैरदलित सभासद् र पार्टीहरूलाई दलित मुद्दामा सहमतिमा ल्याउन सम्भव हुने देखिँदैन ।

## ३. ख) पहिलो संविधानसभाबाट सर्वसम्मतिबाट स्थापित दलित अधिकारः

दक्षिण एसियाको इतिहासमै पहिलो पटक अन्तरिम संविधान, २०६३ ले दलित समुदायलाई संविधानले सम्बोधन गर्नै पर्ने सामाजिक समूहको रुपमा स्वीकार गर्‍यो । र, पहिलो संविधानसभाले आफ्नो मस्यौदामा सर्वसम्मतिले मौलिक हकअन्तर्गत 'दलित समुदायको हक'सम्बन्धी बेग्लै धारा खडा गर्‍यो । यी दुवै ऐतिहासिक महत्त्वका उपलब्धि थिए । मौलिक हकअन्तर्गत आम नागरिकले प्राप्त गर्ने विभिन्न हक अरू धाराबाट दलित समुदायले पनि पाउने कुरा स्वतः सिद्ध छ । तीबाहेक मौलिक हकअन्तर्गत छुवाछूत–भेदभावविरूद्धको हक र दलित समुदायको हकको धारामा निम्न मुख्य बुँदा परेका छन्ः

अ) छुवाछूत–भेदभावलाई 'गम्भीर सामाजिक अपराध' का रुपमा स्वीकार गरी 'कुनै स्थानमा कुनै पनि प्रकारको' छुवाछूत गर्न नपाइने र पीडकलाई कडा सजाय र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ ।

आ) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

इ) आवासविहीन दलितका लागि राज्यले बसोबासको व्यवस्था गर्ने व्यवस्था गरेको छ ।

ई) दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरीलगायतका राज्यका सबै निकाय र क्षेत्रमा समानुपातिक आधारमा रोजगार प्राप्त गर्ने हक हुने छ । सार्वजनिक सेवालगायतका रोजगारका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता कानुनद्वारा विशेष व्यवस्था गरिनेछ ।

उ) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता दिइने छ ।

ऊ) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनद्वारा विशेष व्यवस्था गरिने छ । यस्तो व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता दिइने छ ।

ए) सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसङ्ख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी सङ्घीय र प्रादेशिक संरचनामा क्रमशः तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वका लागि कानुनद्वारा आवश्यक व्यवस्था गरिने छ ।

ऐ) दलितका परम्परागत पेसाजन्य आधुनिक व्यवसायमा दलित समुदायलाई प्राथमिकता दिइने छ ।

ओ) दलित समुदायले यस धाराबमोजिम प्राप्त गर्ने अधिकारहरू पहाडी दलित, मधेशी दलित र दलित महिलाले समानुपातिक आधारमा प्राप्त गर्ने छन् ।

यीबाहेक संवैधानिक निकायको व्यवस्था गर्ने समितिको प्रतिवेदनमा सर्वसम्मतिले संवैधानिक दलित अधिकार आयोगको सिफारिस भएको छ । यस सम्बन्धमा एउटा षड्यन्त्रको खतरा के छ भने सबै आयोगलाई समावेशी आयोगअन्तर्गत राख्ने

सहमति भएको भनी केहीले प्रचार गरेझैं हुन सक्छ । तर कुनै पनि समितिले, मूलतः संविधानसभाको पूर्ण बैठकले त्यस्तो सहमति वा निर्णय गरेका छैनन् । जनजाति, मुस्लिम, मधेशी आदि आयोगलाई जस्तै एउटै समावेशी आयोगको छातामुनि दलित आयोग पनि राखौं भन्ने मत आएका हुन । ती आयोग भाषिक–सांस्कृतिक नीतिको प्रवर्धन र अनुगमनका निम्ति हुन्छन् । तर महिला र दलित आयोग अतिरिक्त मानव अधिकार उल्लङ्घनको मुद्दासँग जोडिएको विशिष्ट प्रकृतिका आयोग हुन् । त्यसैले महिला र दलित आयोग समावेशी आयोगभित्र होइन, छुट्टै संवैधानिक बन्नुपर्दछ भन्ने मत दलित र महिला प्रतिनिधिले जबर्जस्त रुपमा दर्ता गराएको विषय हो । र, हुनुपर्ने पनि त्यही नै हो । यसबाहेक राज्यको निर्देशक सिद्धान्तमा पनि दलितसम्बन्धी केही व्यवस्था छन् । सरकारले चाहेमा थप कानुन बनाएर लागू गर्न सक्दछ ।

पहिलो संविधानसभाले सर्वसम्मतिले टुङ्ग्याएका र विषयगत समितिले मात्र सर्वसम्मतिले दलितका बारेमा गरेका व्यवस्था नेपाली दलित आन्दोलनले उठाउँदै आएका मागको सम्पूर्ण सम्बोधन पक्कै होइन, तर आधारभूत मागहरूको आधारभूत सम्बोधन भने निश्चित रुपमा हो । त्यसैले त्यसको अध्ययन र तिनलाई दोस्रो संविधानसभाबाट बन्ने नयाँ संविधानमा पुनर्स्थापनातिर पहल केन्द्रित गर्नु पहिलो आवश्यकता हो ।

४.

# दोस्रो संविधानसभा र दलित

## ४. क) दलितको उपस्थिति र अनुभूति

दोस्रो संविधानसभाको निर्वाचन पनि पहिलो संविधानसभाको निर्वाचनकै विधिद्वारा गरिएकाले दलित प्रतिनिधित्व गुणात्मक रुपमा बढ्ने सम्भावनै थिएन । तर पहिलो संविधानसभाको निर्वाचनको प्रत्यक्ष निर्वाचन प्रणालीबाट सात जना विजयी भएको सन्दर्भले दलित नेताहरूको एउटा पङ्क्तिमा प्रत्यक्ष निर्वाचनमा उम्मेदवार बन्ने प्रवृत्तिलाई बढावा दिएको थियो । त्यस्तै, हिजो एउटा पार्टीबाट मात्रै प्रत्यक्ष निर्वाचित भएकाले अरू पार्टी पनि आफ्नो तर्फबाट विजयको सम्भावना बढी भएका क्षेत्रमा केही न केही दलित उम्मेदवारलाई उठाउनै पर्ने दबाबमा थिए ।

यस स्थितिले गर्दा प्रत्यक्ष दलित उम्मेदवार विजयी हुनेको सङ्ख्या बढ्न गई संविधानसभामा हिजोभन्दा बढी सङ्ख्या दलित प्रतिनिधित्वको सम्भावना भने बढेको थियो । तर दोस्रो संविधानसभाको प्रत्यक्षतर्फ सबैभन्दा बढी दलित उम्मेदवार उठाएको पार्टी एनेकपा (माओवादी) का सबै दलित उम्मेदवार पराजित हुन पुगे । त्यसै कारण प्रत्यक्षको हिजोको सङ्ख्या ह्वात्तै ह्रास हुन पुग्यो र ४१ जना मात्र दलित प्रतिनिधित्व हुन पुग्यो । यो सङ्ख्या पहिलो संविधानसभाको भन्दा १.५% ले कम हो । अर्कोतिर प्रत्यक्ष निर्वाचनमा बढी उम्मेदवार दिएका एनेकपा (माओवादी)

र नेकपा (एमाले) का आफ्नो पार्टीको नेतृत्व तहबाट महत्त्वपूर्ण भूमिका खेल्ने हैसियतका प्रमुख नेताहरूको पराजयले पनि यो घटेको सङ्ख्या सङ्ख्यामा मात्रै सीमित नहुने र कतै–कतै कुनै न कुनै रुपमा पहलको गुणमै प्रभाव पार्ने स्तरमा छ भन्ने कुरा पनि प्रस्टै छ ।

त्यसै गरी, समानुपातिक निर्वाचन प्रणालीबाट पार्टीहरूले सभासद् पठाउँदा कतिपय पार्टीभित्रका दलित विषयमा सिर्जनात्मक भूमिका खेल्न सक्ने व्यक्तिलाई कटाएको सन्दर्भले पनि केही न केही असर पर्ने देखिन्छ । पहिलो संविधानसभाको निर्वाचनमा प्रत्यक्षमा पराजित हुँदा र समानुपातिकमा समेत उचित निर्णय नहुँदा नेपाली काङ्ग्रेसको नेतृत्व तहमा रहेका महत्त्वपूर्ण भूमिका खेल्न सक्ने दलित नेता संविधानसभामा नपुगेको सन्दर्भ यस पटक एनेकपा (माओवादी) र नेकपा (एमाले) सँग सम्बन्धित दलित नेताका सम्बन्धमा लागू हुन पुगेको छ । कतिपय पार्टीले समानुपातिक निर्वाचित गर्दा उम्मेदवारहरूलाई साझा मुद्दामा सहकार्य नगर्ने सर्त समेत राखेको भनी बाहिर चुहिएका समाचारलाई समेत ध्यान दिँदा धेरै नै गम्भीर हुनु पर्ने अवस्था छ । यस स्थितिमा दोस्रो संविधानसभामा न्यून दलित उपस्थितिको खाडललाई पुर्न पहिलो संविधानसभामा भित्र हुने पहलसँग बाहिर रहेका संस्था/व्यक्तिलाई जोडेर अघि बढ्ने जस्तै खालको कार्यनीति अँगाल्नु अनिवार्य छ ।

## ४. ख) पहिलो संविधानसभाका उपलब्धिको रक्षा निर्णायक कार्यभार

पहिलो संविधानसभाका माथि उल्लेखित उपलब्धि संविधानसभामा रहेका तत्कालीन दलित सभासद्‌को मात्र भूमिकाले भएका होइनन्, बरू संविधानसभाभन्दा बाहिर रहेका सबै दलित नेता, कार्यकर्ता, सङ्गठन, संस्था र दलितको पक्षमा भूमिका खेल्ने गैरदलित सभासद् र गैरदलित नागरिक समाजको समेत आ–आफ्नो स्तरको भूमिका र योगदान त्यसमा रहेको छ । त्यस कारण ती उपलब्धिलाई भावनात्मक रुपमा समेत सबैभन्दा पहिले दोस्रो संविधानसभाका दलित सभासद्‌हरूले अपनत्व ग्रहण गर्नु पर्दछ । दलित मुद्दाका सन्दर्भमा आजको दलित आन्दोलनको निर्णायक कार्यभार हो– पहिलो संविधानसभाका उपलब्धिको रक्षाको निम्ति सम्पूर्ण पहल । ती पर्याप्त छन् भन्ने होइन, तर तिनको रक्षा हुन सकेन भने अरू आवश्यक विषय थप गर्न असम्भव हुने छ ।

## ४. ग) थप प्राप्त गर्नु पर्ने विषय

पहिलो संविधानसभाबाट प्राप्त उपलब्धिलाई अझ कानुनी भाषामा ठोस बनाउनु पर्ने, राज्यका निर्देशक सिद्धान्तमा परेका विषयलाई मौलिक हकभित्र ल्याउनु पर्ने र हिजो छुटेका, राख्न नसकिएका वा सच्याउनु पर्ने विषय मुख्य रुपले निम्न रहेका छन्ः

अ) शासकीय स्वरुपबारे दलित आन्दोलनले एउटा साझा धारणा बनाउन सक्नु पर्दछ, जुन काम हिजो हुन सकेन । यो विषयमा पार्टीहरूबीच सहमति भएपछि 'हामी पनि सहमति गरौँला' भनेर काम चल्ने स्थिति देखिँदैन । त्यसको निम्ति सभासद्बीच र बाहिर पनि छलफलको प्रक्रिया शुरू गरिनु पर्छ ।

आ) निर्वाचन प्रणाली कस्तो बनाउने भन्ने विषयमा पनि छलफल शुरू गरेर साझा धारणा बनाउन कोसिस गरिनु पर्छ ।

इ) हिजोको सहमतिअनुसार सङ्घीय प्रणालीका तीन मुख्य तह हुन्छन्ः सङ्घ अर्थात केन्द्र, प्रदेश र स्थानीय तह । यी सबै तह संविधानले दिएको सीमाभित्र स्वायत्त हुन्छन् । त्यसैले स्थानीय तहको सीमाङ्कन गर्दा दलित समुदाय बसोबास गरेका बस्तीलाई बढीभन्दा बढी एउटै निकायको नक्साभित्र समेट्ने नीति संविधानमै उल्लेख हुनु जरूरी छ । यो विषय थप्नु पर्दछ ।

ई) हिजोको व्यवस्थामा स्थानीय तहको राजनीतिक निकायमा केवल समानुपातिक प्रतिनिधित्वको व्यवस्था छ । त्यसलाई परिमार्जन गरी स्थानीय तहमा पनि समानुपातिकमाथि थप क्षतिपूर्तिको व्यवस्था लागू गरिनु पर्दछ । त्यसो गर्दा सबैभन्दा बेसी सशक्तीकरण जगमै बढी हुनु जरूरी छ । त्यसैले केन्द्रमा ३%, प्रदेशमा ५% थप क्षतिपूर्तिको व्यवस्थालाई लागू गर्दा स्थानीय तहमा पनि कम्तीमा थप १०% प्रतिनिधित्व क्षतिपूर्ति दिने व्यवस्था गरिनु पर्दछ ।

उ) हिजोको सहमतिको मस्यौदामा भूमिहीन दलितलाई राज्यले एक पटकका लागि जमिन उपलब्ध गराउने छ भनिएकोमा कम मात्रै दिन मिल्ने गरी षड्यन्त्र हुन सक्ने हुनाले त्यसलाई परिमार्जन गरी जीवन निर्वाह गर्न पुग्ने जमिन भनी प्रस्ट पार्नु पर्दछ ।

ऊ) हिजोको सहमतिमा निजामती, सेना, प्रहरीलगायत सरकारी सेवामा दलितको समानुपातिक उपस्थिति हुने व्यवस्था गर्ने कुरा उल्लेख छ । सबैभन्दा बढी असन्तुलित रहेको स्थायी राज्य संयन्त्रमा झन् क्षतिपूर्ति जरूरी भएको व्यवहारतः देखिन आएको छ । त्यसैले ती स्थानमा पनि समानुपातिकमाथि थप क्षतिपूर्तिसहित अवसर पाउन सक्ने व्यवस्था राख्न परिमार्जन गरिनु पर्दछ ।

ए) पहिलो संविधानसभाको राज्य पुनर्संरचना समितिबाट अर्धसरकारी र निजी प्रतिष्ठानका नोकरीमा दलितको समानुपातिक व्यवस्था गर्ने उल्लेख भए पनि पछि प्रतिवेदन अध्ययन समितिले त्यसलाई मौलिक अधिकारको धाराबाट स्थानान्तरण गरी राज्यले चाहे मात्र लागू गर्नु पर्ने गरी राज्यको निर्देशक सिद्धान्तमा राखेको थियो, जुन गलत भएको छ । त्यसैले, त्यस बुँदालाई मौलिक हकमै ल्याई कायम राख्नु पर्दछ ।

ऐ) संवैधानिक दलित अधिकार आयोगबारे विषयगत समितिले प्रस्ट सर्वसम्मतिबाट व्यवस्था गरे पनि पछि त्यो समावेशी आयोगभित्र राख्ने भ्रम सिर्जना हुन पुगेको छ । अब त्यसलाई समावेशी आयोगअन्तर्गत होइन, छुट्टै स्वतन्त्र अर्धन्यायिक अधिकारसम्पन्न संवैधानिक दलित अधिकार आयोगको रुपमा व्यवस्था गर्ने पहल गर्नु पर्छ ।

ओ) दलितका सम्बन्धमा संविधानमा विभिन्न धारामा र मौलिक हकमा व्यवस्था गरिने विषयमा कानुन बनाएर लागू गर्नु पर्ने हुन्छ । तर वर्षौं कानुन नबनाएर संविधानै निष्क्रिय पारिदिने कुचक्र चल्न सक्ने खतरालाई रोक्न कति वर्षभित्र ती विषयमा कानुन बनाई सक्ने भन्ने कुरा संविधानमै उल्लेख गर्ने बुँदा थप गरिनु पर्दछ ।

औ) जातिवाद, रङ्गभेदवाद र वर्णव्यवस्थाका आधारमा लामो कालसम्म शासन चलेका मुलुकमा सरकारी सेवामा असन्तुलनको खाडल भयावह हुने गरेको देखिन्छ । दक्षिण अफ्रिकामा काला र गोरा समुदायबीचको अन्तराल, दक्षिण एसियाका भारत र नेपालजस्ता देशमा कथित माथिल्लो जात र दलितबीचको खाडल सरकारी सेवाहरूमा भयावह स्तरमा छ । नेपालको हकमा सरकारी निकायमा गैरदलित र दलितबीचको उपस्थितिको खाडल कति ठूलो देखिन्छ भने

सामान्य प्रकारको 'सकारात्मक उपाय' (affirmative action) को विधिमार्फत जाँदा हजार वर्षमा पनि न्यायपूर्ण सन्तुलन प्राप्त गर्न सकिँदैन । त्यसैले सरकारी सेवामा रहेको यो असन्तुलनलाई तीव्र गतिमा घटाई सन्तुलनमा ल्याउन द्रुत मार्ग (fast-track) को नीति बनाउने व्यवस्था सविधानमै थप गर्न गम्भीर पहलको जरूरत छ ।

यीबाहेक विज्ञहरूबीच समेत छलफल गरी आवश्यक अन्य थप बुँदा थप गर्नु पर्दछ ।

५.

# अवधारणासम्बन्धी केही भ्रम

पहिलो सविधानसभामा सङ्घीयता र पहिचानको मुद्दाले गम्भीर महत्त्व पाएपछि दलित आन्दोलनमा धेरथोर केही विषयमा अवधारणागत भ्रम सृजना हुन पुगे । ती विषयमा स्पष्ट हुँदै अघि बढनु पर्ने भएकोले यहाँ त्यस्ता मुख्य तीन विषयमा सङ्क्षिप्त टिप्पणी गरिएको छ ।

## ५. क भूगोलसहितको दलित प्रदेशबारे

विगतदेखि पहिचान मिचिएका उत्पीडित जातिहरूको बाहुल्यता भएका प्रदेशको नामाङ्कन ती जातिको पहिचान झल्किने गरी राख्ने विषय उठेपछि दलितको पनि भूगोलसहितको प्रदेश हुनु पर्ने भन्ने विषय उठ्न पुग्यो । यो विचार मूल कारण सङ्घीयताले सबै प्रकारको समस्यालाई सम्बोधन गर्छ वा गर्नु पर्छ भन्ने भ्रम र दलित समस्याको प्रकृतिलाई सही ढङ्गले नबुझ्नाले उठेको हो । दलित एकै स्थानमा भूमिथलो घनीभूत भएको समुदाय होइन, बरू देशैभरि छरिएर रहेको समुदाय हो । त्यसै गरी, बेग्लै प्रकारको विशिष्टता भएको समस्यालाई जबर्जस्ती सङ्घीयताभित्र हल खोज्न खोज्दा पनि यो विषय उठेको हो । अर्कोतिर दलितको आफ्नो स्वपहिचानमाथि दमन भएर पहिचान स्थापना गर्ने मुद्दा पनि यो होइन ।

हुन त सविधानसभाभित्र समितिहरूबाट प्रतिवेदन आउँदा खास प्रदेशमा खास जातिको राजनीतिक अग्राधिकार हुने भनिएकोले दलितले चाहिं कहाँ शासन गर्ने त भन्ने हुटहुटीले पनि कुन भूभागमा दलित प्रदेश बनाउने भनेर खोज्दै हिंड्ने स्थिति उत्पन्न हुन पुगेको हो । तर पछि सबै प्रदेश बहुजातीय हुने र कसैको पनि राजनीतिक अग्राधिकार नहुने कुरामा सहमति भइसकेपछि अब यो विषयको औचित्य पनि स्वतः समाप्त हुने स्थिति खडा भएको छ । यस विषयमा प्रस्ट हुनै पर्ने कुरा तीन वटा विषय छन्ः

एक, भूगोलसहित दलितको प्रदेश बनाउँदा दलित र गैरदलितबीच झनै खाडल बढ्ने छ ।

दुई, कुनै भूभागमा त्यस्तो प्रदेश बनाइए पनि सिङ्गो देशमा रहेको दलितको जनसङ्ख्याको नगण्य प्रतिशत मात्र सो प्रदेशमा रहने छ, बाँकी ९५ प्रतिशतभन्दा बढी दलितलाई त्यसले कुनै फाइदा दिन सक्ने छैन ।

तीन, त्यसले दलित मुक्तिको रणनीति अन्तर्घुलनलाई बाधा गराउने छ । त्यसैले भूगोलसहितको प्रदेशको विषयमा जानु घातक हुने प्रस्ट छ ।

त्यसै गरी, अर्को विषय पनि उठेको थियोः प्रदेश बन्दैन भने स्वायत्त क्षेत्र बनाउनु पर्दछ । यो कुरा स्वायत्तता केका लागि भन्ने विषयको अस्पष्टताले गर्दा उठेको हो । स्वायत्तता दुई प्रकारको हुन्छ । एउटा, राजनीतिक–प्रशासनिक स्वायत्तता र अर्को, सांस्कृतिक स्वायत्तता, जसभित्र भाषा पनि पर्छ । संविधानसभामा भएको सहमतिअनुसार प्रदेश र स्थानीय निकायलाई संविधानले व्यवस्था गरेबमोजिम राजनीतिक र प्रशासनिक स्वायत्तता स्वतः हुन्छ । त्यसबाहेक संविधानसभामा स्वायत्त क्षेत्रको कुरा उठेको चाहिं बेग्लै भाषा, बेग्लै संस्कृति र बेग्लै वंश परम्परा भएका सानो जनसङ्ख्याका उत्पीडित जातिका सन्दर्भमा हो, जसले त्यस्ता स्वायत्त क्षेत्रमा आफ्नो भाषा र संस्कृतिको रक्षा एवं विकासका लागि सांस्कृतिक स्वायत्तता समेत उपभोग गर्न पाउँछन् । दलितले गैरदलितको भन्दा छुट्टै भाषा, छुट्टै संस्कृति र छुट्टै वंश परम्पराको रक्षा एवं विकास गर्ने होइन, गर्न खोजेको पनि होइन, त्यसैले दलितलाई सांस्कृतिक स्वायत्तता चाहिंदैन । राजनीतिक र प्रशासनिक स्वायत्तता स्थानीय निकायले सङ्घीयताअन्तर्गत स्वतः पाउने भएकोले दलित बाहुल्यता भएका क्षेत्रलाई एउटै स्थानीय निकायमा पुनर्संरचना गरेपछि त्यस्ता निकायमा गैरदलितले

जस्तै दलितले पनि स्वतः राजनीतिक र प्रशासनिक स्वायत्तता उपभोग गर्न पाउँदछन् । त्यसैले यो विषयको भ्रमबाट पनि मुक्त हुनु जरूरी छ ।

## ५. ख दलितका लागि गैरभौगोलिक प्रदेशबारे

यो विषयले पनि एक समय, विशेषतः राज्य पुनर्संरचना आयोगले अवधारणाबिना नै यस्तो प्रस्ताव गरेपछि वातावरणलाईततायो । बेठीक भए पनि यसको पक्षमा वकालत गर्नेहरूको नियत भने दलितलाई अधिकारसम्पन्न बनाउन खोज्नु नै थियो । बेल्जियमलगायतका केही देशमा गैरभौगोलिक सङ्घीयताको अभ्यास छ, तर त्यो खास-खास भाषिक र सांस्कृतिक समुदायको प्रतिनिधित्वलाई सम्बोधन गर्न गरिएको व्यवस्था हो । दलित समस्या त्यस्तो बिल्कुल होइन । गैरभौगोलिक सङ्घीयता अभ्यास गरिएका स्थानमा त्यस्तो गैरभौगोलिक संसद्लाई सांस्कृतिक विषयमा मात्रै निर्णय गर्ने अधिकार हुन्छ । दलितले राजनीतिक निर्णय गर्न नपाउने त्यस्तो गैरभौगोलिक सङ्घीय संरचना पाएर के फाइदा हुन्छ ?

कतिपयले देशैभरिका दलितबाट चुनिएका संसद् रहने दलित संसद्का रुपमा गैरभौगोलिक प्रदेशको कल्पना गरेका छन् । पहिलो कुरा त दलितले मात्र चुन्नेबित्तिकै दलित कहिल्यै गैरदलितको नेता बन्न सक्दैन । अनि आज गैरदलितसहितको सर्वसम्मतिले बनाएको ऐन त लागू गर्न कठिन भइरहेको परिस्थितिमा दलित संसद्ले मात्र बनाएको कानुन मान्न गैरदलित बाध्य होलान् त ? उनीहरूले कदापि मान्ने छैनन् । दलित समस्या भूगोलमा अनि गैरभौगोलिक संरचनाको निर्माणले कसरी सम्बोधन हुन्छ ? दलित मुद्दाको सम्बोधन गैरभूगोलमा होइन, बरू हरेक भूगोलमा प्रतिनिधित्व र सहभागिताको प्रत्याभूतिमा खोजिनु आवश्यक छ ।

## ५. ग दलितको पहिचानबारे

संविधानसभाभित्र र बाहिर पहिचानको मुद्दा व्यापक भएपछि र पहिचानसहितको सङ्घीयताको कुरा उठेपछि दलितको पनि पहिचान छ भन्ने विषय उठ्न पुग्यो । पहिचान धेरै प्रकारका हुन्छन् । वास्तवमा पहिचान एउटा यस्तो परिघटना हो, जसले एउटा मानव समुदायलाई अर्को मानव समुदायबाट भिन्न बनाउँछ । त्यो भिन्न बनाउने चिजसँग त्यो समुदायको इतिहास, परम्परा र गौरवानुभूति जोडिएको हुन्छ । अर्को समुदायबाट भिन्न बनाउने कुनै चिजमाथि त्यो समुदायले गौरवानुभूति

गर्दैन भने त्यो चिज पहिचान नभई कुसंस्कार वा कलङ्क बन्न पुग्दछ, जसलाई स्थापित गरिंदैन, बरू विस्थापित गर्नेतिर लागिन्छ ।

नेपालमा चलिरहेको पहिचानको बहस बेग्लै भाषा, बेग्लै संस्कृति र बेग्लै वंश परम्पराका जातिहरूको हो, तर दलित समुदाय भने गैरदलित समुदायको भन्दा बेग्लै भाषा, बेग्लै संस्कृति र बेग्लै वंश परम्परा भएको जाति (nationality) होइन । यो त एउटै भाषा, एउटै संस्कृति र एउटै वंश परम्परा भएका एउटै जाति (nationality) भित्रका फरक-फरक जात (caste) व्यवस्थाले उब्जाएको समस्या हो । पहाडका दलितको जाति (nationality) आर्य-खस हो, जसभित्र ब्राह्मण, क्षेत्री, सन्यासी सबै जात (caste) पर्दछन् । नेवारभित्रका दलितको जाति नेवार नै हो, जुन गैरदलित नेवार पनि त्यसैभित्र पर्छ । मधेशी दलितको जाति वैदिक आर्य र द्रविड हो, जसभित्र मधेशी गैरदलित पनि पर्दछन् । भाषा र संस्कृतिको मामिलामा पनि गैरदलित र दलितको उही हो ।

त्यसो भए प्रश्न उठ्छः दलितको पहिचान छैन ? छ, दलितको दुई वटा पहिचान छ; एक श्रमिक, दुई, 'अछूत' । श्रमिक गैरदलित पनि हुने भएकाले त्यो पहिचान दलितको मात्रै भएन । 'अछूत' कलङ्क हो, जुन बचाउनु पर्ने नभई मेटाउनु पर्ने पहिचान हो । त्यसैले दलितको मुद्दा पहिचान स्थापनाको होइन, बरू सबै क्षेत्रमा अर्थात राजनीति, आर्थिक, सामाजिक क्षेत्रमा अधिकार स्थापना र सम्मान प्राप्तिको मुद्दा हो । यी र यस्ता विषयमा रहेका अवधारणागत भ्रम र अस्पष्टताबारे सिङ्गैं आन्दोलनलाई प्रस्ट पार्न सकिएन भने आन्दोलन विभाजित हुन सक्छ । त्यसैले यसबारे समयमै प्रस्ट पार्दै भविष्यको यात्रा तय गर्नु आवश्यक छ ।

६.

# नयाँ सविधानमा दलित मुद्दा स्थापित गर्न दलित पहल

दोस्रो सविधानसभाको प्रत्यक्ष निर्वाचन सम्पन्न भएर समानुपातिकतर्फको समेत निर्वाचित गरेको करिब सात महिनासम्म संविधानसभाभित्र र बाहिर पनि सङ्गठित संयुक्त दलित गतिविधिको न्यूनता, शून्यता नै भन्न मिल्ने स्तरको न्यूनताले गर्दा दलित समुदायप्रति नाङ्गो प्रकारको अपमान समेत भयो । वर्तमान मन्त्रिमण्डलको गठन गर्दा दलितलाई अस्वीकार गरिनु त्यसको एक ठोस नमुना हो । राज्यका निर्णायक र सम्मानित स्थलमा स्थान दिने मामिलामा कम्युनिस्ट वा प्रजातान्त्रिक समाजवादी भन्ने दुवै प्रवृत्तिका राजनीतिक पार्टीको आधारभूत चरित्र एउटै प्रकट हुन थालेको छ । एनेकपा (माओवादी) पार्टीका उपाध्यक्ष डा. बाबुराम भट्टराईको सरकार र हाल नेपाली काङ्ग्रेस पार्टीका सभापति सुशील कोइरालाको नेतृत्वको सरकार दुवैले दलित सन्दर्भमा देखाएको रबैयाले त्यही तथ्यलाई पुष्टि गरेको छ । डा. बाबुराम भट्टराईको सरकारमा मधेशी दलगायत सहभागी थिए र अहिले सुशील कोइरालाको सरकारमा नेकपा एमालेलगायत सहयात्री छन्, तर ती सहयात्रीले पनि उही प्रवृत्ति प्रस्ट देखाएका छन् ।

राजनीतिक पार्टीमा देखापरेको यो प्रवृत्तिले दुई वटा निष्कर्ष निस्कन्छ । एक, राजनीतिक पार्टीहरूले दलितलाई राज्यसत्ताको निर्णायक कार्यकारी पदमा पुऱ्याउनुको महत्त्व र गम्भीरता समाज परिवर्तनका सन्दर्भमा कति छ भन्ने बुझ्न

सकिरहेका छैनन् । दुई, उनीहरू परम्परागत बिष्टले जस्तै भनिरहेका छन्, "सांसद हुन्छौ भने ठीक छ, हामी सभामुख भएर शासन गर्छौं, तर मन्त्री नै भयौ भने त त्यो मन्त्रालयको शासन नै तिम्रो हातमा जान्छ, त्यो निर्णायक स्थानचाहिं दिने बेला भएको छैन । खरको छानो उघारेर जस्ता हाल्न ऋण यसकारणले पो दिएको, किनभने मैले आरसीसी ढलान गरिसकेको छु; अब तिमी पनि आरसीसी ढलान गर्छौ भने हामी कहाँ जाने ?' यो निकै नै गम्भीर प्रश्न हो, यस प्रवृत्तिबारे सबैले गम्भीरतापूर्वक सोच्नु पर्ने भएको छ ।

सविधानसभाभित्र र बाहिर संयुक्त पहल तीव्र हुन नसक्नाले दलितमुखी बजेट पनि हुन सकेन । सविधानको नियमावली निर्माणमा आवश्यक संयुक्त हस्तक्षेप गुमिसक्यो । विभिन्न समितिमा उपयुक्त कार्यविभाजन छुट्यो र निर्क्योल समितिबाट आएको प्रतिवेदनमाथि सैद्धान्तिक छलफल पनि सकियो । अब दफावार छलफल पछाडिका प्रक्रिया मात्र बाँकी छन् । अझै पनि भित्र र बाहिर तीव्र गतिमा संयुक्त पहल बढाइयो भने समयलाई छोप्न सम्भव भने छ ।

बल्ल ६ महिनापछि संविधानसभाभित्र दलित सभासद् समन्वय समिति गठन भएको छ । राजनीतिक दलित सङ्गठनहरूबीच भर्खर साझा कार्यक्रमसहित संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति पुनर्गठित भएको छ । दलित नागरिक समाज विभाजित छ, वैचारिक रूपमा अस्पष्ट छ र केही सामान्य गतिविधिमा मात्र सीमित छ । राजनीतिक पार्टीको केन्द्रीय स्तरमा भूमिका खेल्न सक्ने दलित नेताहरूबीच विषय-केन्द्रित भेटघाट नगन्य छ । यो साँच्चै नै चिन्ताजनक परिस्थिति हो ।

निश्चित रुपमा संविधानसभाभित्र नेतृत्व क्षमता भएका दलित सभासद् हुनुहुन्छ, तर संयुक्त पहल भएन भने व्यक्तिगत क्षमताले पटक्कै पुग्दो रहेनछ भन्ने कुरा इतिहासले पुष्टि गरिसकेको छ । पहिलो संविधानसभामा कम्तीमा दलित सभासद् मञ्च बनेको थियो । अहिले किन समन्वय समिति मात्रै बनाइयो भन्ने प्रश्न उठिसकेको छ । भनेको सुनिन्छ, नियमावलीमा ककसको व्यवस्था नभएकोले त्यसो गरिएको हो । त्यसो त पहिले पनि महिला ककसबाहेक कसैलाई मान्यता प्राप्त थिएन । त्यति बेला ककस विशुद्ध राजनीतिक मञ्च मात्र थियो । त्यस्तो राजनीतिक मञ्च बनाउन नियमावलीले छेकेको थिएन, छेक्न सक्दैन । जेहोस्, अहिले समन्वय समिति नै सम्भव छ भने त्यसबाट जति हुन सक्दछ, त्यति काम बढाई हाल्नु पर्दछ ।

७.

# अबको रणनीति

पहिलो संविधानसभाकालमा जस्तै तीन स्थानबाट संयुक्त पहल नै अबको रणनीति हुन सक्छ । यो रणनीति नै आजको दलित आन्दोलनको मुख्य कार्यनीति हुन आवश्यक छ । एक, संविधानसभाभित्र । दुई, सडकमा र तीन, राजनीतिक पार्टीहरूभित्र सङ्घर्ष । यो सङ्घर्षलाई व्यवस्थित र प्रभावकारी बनाउन सभासद्हरू, दलित राजनीतिक सङ्गठनहरू, नागरिक समाज र प्राज्ञिक क्षेत्र सबैलाई एउटै मालामा उन्ने नीति र संयन्त्रको विकास गर्न जरूरी छ ।

अ) दलितका आम साझा मुद्दा र संविधानसभामा हुनु पर्ने व्यवस्थाहरूको साझा एजेण्डा तयार भइसकेका छन् । र, दलित राजनीतिक सङ्गठनहरूबीच पनि संयुक्त दलित सङ्घर्ष समिति भइसकेको छ । अब त्यसमार्फत गोष्ठी, जुलुस, अन्तर्क्रियालगायतका आन्दोलनात्मक आवश्यक कार्यक्रम गरी अगाडि बढ्नु पर्छ ।

आ) संविधानसभाभित्र साझा कार्यक्रमसहित बनेको दलित सभासद् समन्वय समितिको पहललाई व्यवस्थित गरी संविधान निर्माणको प्रक्रियामा दलित मुद्दालाई सशक्त बनाउन नीति तर्जुमा गरी अघि बढ्नु पर्दछ । समन्वय समितिले प्रक्रियागत रणनीति बनाइसकेको छैन, त्यो बनाउनु पर्छ ।

इ) राजनीतिक पार्टीहरूका केन्द्रीय भूमिकामा रहेका दलित नेताबीच अनौपचारिक संयन्त्र निर्माण गरी तालमेल बनाउनु पर्दछ ।

ई) दलित नागरिक समाजले शुरू गरेको पहललाई अझ व्यवस्थित र संयुक्त बनाउन, वैचारिक रूपमा स्पष्टता हासिल गर्न तथा त्यस पहललाई दलित राजनीतिक सङ्गठनहरूबीचको संयुक्त पहलसँग जोडेर अघि बढ्नु पर्छ ।

उ) साझा सहमतिमा दलित विषयका विज्ञहरूको एउटा संयन्त्र बनाई त्यसमार्फत दलित मुद्दालाई मस्यौदाको भाषामा व्यवस्थित बनाउने काम शुरू गरिनु पर्दछ । र, अहिले मस्यौदामा नपर्ने विषयलाई जनतामा लैजाने सामग्री तयार पारी लैजानु पर्छ ।

ऊ) दलित विषयमा गैरदलित सभासद्लाई समेत निरन्तर उपस्थित गरी छलफल, बहस गर्ने एउटा मञ्चको निर्माण गरी सञ्चालन गरिनु पर्दछ ।